बनी इस्राईलको राजनीतिक तथा सामाजिक नेतृत्व स्वयम् नबीहरूले गर्दथे। जब कुनै नबीको मृत्यु हुन्थ्यो, तब अर्का नबीले उनको स्थान लिन्थे। तर, म पश्चात् कोही पनि नयाँ नबी आउने छैनन्; बरु अब खलिफाहरू (उत्तराधिकारीहरू) हुनेछन् र उनीहरूको सङ्ख्या धेरै हुनेछ

अबू हाजिमले भन्नुहुन्छ: "मैले अबू हुरैराह (रदियल्लाहु अन्हु) सँग पाँच वर्ष
बिताएँ। मैले उहाँलाई अल्लाहका नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट हदीस वर्णन गर्दै गरेको सुनें, उहाँले भन्नुभयो: "बनी इस्राईलको राजनीतिक तथा सामाजिक नेतृत्व स्वयम् नबीहरूले गर्दथे। जब कुनै नबीको मृत्यु हुन्थ्यो, तब अर्का नबीले उनको स्थान
लिन्थे। तर, म पश्चात् कोही पनि नयाँ नबी आउने छैनन्; बरु अब खलिफाहरू (उत्तराधिकारीहरू) हुनेछन् र उनीहरूको सङ्ख्या धेरै हुनेछ।" सहाबाहरूले सोधे: "हे अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम)! तसर्थ, हजुर हामीलाई त्यस अवस्थाका लागि के आदेश दिनुहुन्छ?" उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "तिमीहरू जसको
'बैअत' (वफादारिताको शपथ) सबैभन्दा पहिले भएको छ, त्यसैप्रति आफ्नो कर्तव्य पूरा
गर्नू। उनीहरूलाई उनीहरूको हक-अधिकार प्रदान गर्नू; किनकि अल्लाहले उनीहरूलाई सुम्पिनुभएको जनताप्रतिको दायित्वको विषयमा उनीहरूसँग अवश्य नै सोधपुछ गर्नुहुनेछ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जानकारी दिनुभयो कि बनी इस्राईलको नेतृत्व र शासन उनीहरूका सन्देशवाहकहरूले गर्दथे, र उनीहरूको मामिलाको रेखदेख त्यसरी नै गर्दथे जसरी राजा वा शासकहरूले आफ्ना प्रजाको गर्दछन्। जब-जब उनीहरूमा कुनै विकृति वा खराबी देखा पर्दथ्यो, अल्लाहले उनीहरूका लागि एक नबी पठाउनुहुन्थ्यो, जसले उनीहरूको व्यवस्थालाई सुधार्नुहुन्थ्यो र उनीहरूले धर्मका नियमहरूमा गरेका परिवर्तन वा विकृतिहरूलाई हटाउनुहुन्थ्यो। तर निश्चय नै मपछि कुनै नबी आउने छैनन् जसले उनीहरूले गरे जस्तै कार्य गरुन्; बरु म पछि खलिफाहरू (उत्तराधिकारीहरू) हुनेछन् र उनीहरूको सङ्ख्या धेरै हुनेछ, जसका कारण उनीहरूका बीचमा मतभेद र विवाद उत्पन्न हुनेछ। तब सहाबाहरूले नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे: यस्तो अवस्थामा तपाईं हामीलाई के गर्न आदेश दिनुहुन्छ? उहाँले जवाफ दिनुभयो: यदि एक खलीफा पश्चात् अर्को खलीफाप्रति बफादारिताको शपथ (बैअत) लिइन्छ भने; प्रथम खलीफाको शपथ वैध मानिन्छ जसको निर्वाह गर्नु कर्तव्य हो, र दोस्रो शपथ अमान्य ठहरिन्छ र त्यसको लागि नेतृत्वको दाबी गर्नु वर्जित (हराम) छ। तिनीहरूलाई उनीहरूको अधिकार प्रदान गर्नु, र अवज्ञा वा पापका कार्यहरू बाहेक अन्य समस्त विषयहरूमा आज्ञाकारिताका साथ तिनीहरूको अनुसरण गर्नु। निश्चय नै, अल्लाहले उनीहरूलाई तिमीहरूप्रति गरेका कार्यहरूको सोधपुछ र हिसाब लिनुहुनेछ।


النجاة الخيرية
ALNAJAT CHARITY
لجنة الدعوة الإلكترونية
EDC E-Da'wah Committee